
# समाचार पत्र - सेप्टेम्बर २०२४

## भेटवार्ता र भ्रमण



### प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेपालका प्रधानमन्त्रीसँग भेटवार्ता

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नेपालका सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग मिति २०८१ आश्विन ६ गते न्युयोर्कमा संयुक्त राष्ट्र संघको ७९औँ महासभाको साइडलाइनमा भेटवार्ता गर्नुभयो ।

थप जानकारी



### श्री बद्री पाण्डेको भारत सरकारका केन्द्रीय संस्कृति तथा पर्यटन मन्त्री श्री गजेन्द्र सिंह शेखावतसँग भेटघाट

नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बद्री पाण्डेले भारत सरकारका केन्द्रीय संस्कृति तथा पर्यटन मन्त्री श्री गजेन्द्र सिंह शेखावतसँग मिति २०८१ भाद्र २६ गते भेटघाट गर्नुभयो ।

थप जानकारी



### भारतको राष्ट्रिय रक्षा महाविद्यालय बाट प्रतिनिधिमण्डलको नेपाल भ्रमण

भारत तथा विदेशी मित्र राष्ट्रहरु अष्ट्रेलिया, भुटान, जापान, काजाकिस्तान, ओमान र अमेरिकाका निजामती सेवा तथा रक्षा बलका २१ जना वरिष्ठ अधिकारी सम्मिलित भारतको राष्ट्रिय रक्षा महाविद्यालय (नेशनल डिफेन्स कलेज) बाट एक प्रतिनिधिमण्डलले मिति २०८१ भाद्र १६ गतेदेखि भाद्र २० गतेसम्म नेपालको पाँच दिने भ्रमण गयो ।

थप जानकारी

# विकास साझेदारी



## नेपालको भक्तपुरमा विद्यालय भवनको उद्घाटन

'नेपाल–भारत विकास सहकायर्' अन्तर्गत भारत सरकारको नेरु. १.१३ करोड आर्थिक सहयोगमा निर्माण गरिएको भक्तपुरको सूर्यविनायक नगरपालिकास्थित श्री महेन्द्र शान्ति माध्यमिक विद्यालयको विद्यालय भवनको मिति २०८१ भाद्र ३१ गते संयुक्त रुपमा उद्घाटन गरियो ।

थप जानकारी



## १२ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाका लागि समझदारीपत्रमा हस्ताक्षर सम्पन्न

भारत सरकारको अनुदान सहायता अन्तर्गत नेपालमा १२ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनालाई अघि बढाउन भारतीय राजदूतावास, काठमाडौं, नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकारका परियोजना कार्यान्वयन निकायहरुबीच मिति २०८१ आश्विन ११ गते समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भयो ।

थप जानकारी

# वाणिज्य तथा अर्थतन्त्र



## नेपाल अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको सदस्य बन्यो

नेपाल अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको १०१ औं सदस्य राष्ट्र बनेको छ । मिति २०८१ भाद्र २४ गते नयाँ दिल्लीमा कार्यवाहक राजदूत सुरेन्द्र थापाको जेएस (ईडी एण्ड एमईआर) तथा निक्षेप प्रमुख अभिषेक सिंहसँग भेटघाटको क्रममा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालले अन्तर्राष्ट्रिय सौर्य गठबन्धन अनुसमर्थन दस्तावेज हस्तान्तरण गयो ।

थप जानकारी

# संस्कृति तथा खेलकुद



## काठमाडौंमा रामायण कला प्रदर्शनी

काठमाडौंस्थित भारतीय राजदूतावासले नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानसँगको सहकार्यमा ‘Ramayan Resonance: Celebrating a Shared Heritage’ नामक कला प्रदर्शनीको आयोजना गयो । सो कला प्रदर्शनीको प्रस्तुति भारतबाट आउनुभएकी श्रीमती गार्गी सेठले गर्नुभएको थियो । सो कला प्रदर्शनीको समापन मिति २०८१ आश्विन १४ गते भएको थियो ।

थप जानकारी




## हिन्दी दिवस महोत्सव

हिन्दी दिवसको उपलक्ष्यमा भारतीय राजदूतावास, काठमाडौंले नेपाल–भारत पुस्तकालयमा एक कार्यक्रमको आयोजना गयो । नेपाली र हिन्दी साहित्यका तुलनात्मक अध्ययनका एक प्रमुख विद्वान प्राध्यापक रामदयाल राकेश कार्यक्रममा प्रमुख अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो ।

थप जानकारी




## कला सम्वाद

भारतीय राजदूतावासस्थित स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८१ भाद्र २७ गते आफ्नो मासिक कला सम्वाद श्रृङ्खला अन्तर्गत नेपाल–भारत पुस्तकालयमा शास्त्रीय संगीत साँझको आयोजना गयो । कार्यक्रममा प्रख्यात गजल गायक सुमन शेखर मानन्धर र वहाँको समूहले साङ्गीतिक प्रस्तुति प्रस्तुत गरेको थियो ।

थप जानकारी



## वाकथन (पदयात्रा)

होलिस्टिक वेलनेसलाई अपनाउँदै र ‘स्वच्छता ही सेवा’ अभियानलाई प्रवद्र्घन गर्दै भारतीय राजदूतावास, काठमाडौंले एक उत्साहजनक वाकथन (पदयात्रा) को आयोजना गयो ।

थप जानकारी



## भारतको प्यारालम्पिक कथा: प्रेरणा र उपलब्धिको एउटा कथा

भारतको हालसम्मकै सबैभन्दा सफल प्यारालम्पिक अभियान ‘पेरिस गेम २०२४’ रह्यो । भारतीय खेलाडीहरुले ७ स्वर्ण, ९ रजत र १३ कांस्य पदक गरी २९ वटा पदक जिती अभूतपूर्व कीर्तिमान बनाउन सफल भए । भारतको प्यारालम्पिक इतिहासमा यो उपलब्धिले नयाँ शिखर चुमेको छ । यसले भारतको विश्व मञ्चमा बढ्दो महत्वलाई दर्शाएको छ ।

थप जानकारी

# छात्रवृत्ति/भर्ना अलर्ट




## शैक्षिक वर्ष २०२४–२०२५ का लागि होमी जहाँगीर भाभा छात्रवृत्ति योजना

भारतीय राजदूतावास, काठमाडौंले शैक्षिक वर्ष २०२४–२५ को लागि भारतीय विश्वविद्यालय/संस्थाहरुमा इन्जिनियरिङ्ग (एमई/एमटेक) मा स्नातकोत्तर तह अध्ययन गर्न नेपाली नागरिकहरुबाट डा. होमी जहाँगीर भाभा छात्रवृत्ति योजना २०२४–२५ को लागि आवेदन आह्वान गरेको छ ।

थप जानकारी

**September 2024 © Embassy of India, Kathmandu**

# अविश्वसनीय भारत



## मुन्नार

मुन्नार तीन पहाडी धाराहरु मुतिरापूझा, नल्लाथन्नी र कुंडलाको संगमले बनेको स्थल हो । समुद्री सतह भन्दा १६०० मिटर माथि अवस्थित यो हिल स्टेशन कुनै समय दक्षिण भारतमा रहेका तत्कालीन ब्रिटिश सरकारको गर्मी छल्ने थलोको रुपमा परिचित थियो । यो ठाउँ केरलाकै प्रमुख पर्यटकीय गन्तव्यको रुपमा प्रख्यात छ । मुन्नारमा रिसोर्ट र बस्ने सुविधा रहेको छ जसले धेरैलाई आकर्षित गरेको छ ।

थप जानकारी



## केरला ब्याकवाटर

शान्त एवम् निर्मल अरेबियन सागरको तटमा समानान्तर रुपले अवस्थित समुद्री झील, ताल र नहरले केरलाको ब्याकवाटरलाई सुरम्य बनाएको छ । केरलाको ब्याकवाटर क्षेत्र विश्वको सबैभन्दा लोकप्रिय पर्यटक गन्तव्यहरु मध्ये एक हो ।

थप जानकारी



## कुल्लू उपत्यका, मनाली

आफ्ना कैयौं गाउँका देवताहरुप्रति अगाध आदर राखेकोले देवताहरुको भूमि भनेर कहलिएको कुल्लू व्यास नदीको किनारमा फैलिएको एक शान्त सहर हो जसले वर्षैभरी यात्रु, पारखी, फोटोग्राफर, चलचित्र निर्माता एवम् निर्देशकलाई आकर्षित गर्न सफल भएको छ ।

थप जानकारी

सम्पर्क गर्नुहोस्

@IndiainNepal

September 2024 © Embassy of India, Kathmandu